# धुनिवेशी नगरपालिकाको आर्थिक सर्वेक्षण
# २०७८/२०७९

## धुनिवेशी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## धादिङ

## कार्यकारी सारांश

१.अन्तराष्ट्रिय मुद्राकोषले सन् २०२२ मा विश्व अर्थतन्त्र ३.६ प्रतिशतले विस्तार हुन सक्ने प्रक्षेपण गरेको छ। सन् २०२० मा विश्व आर्थिक वृद्धि दर ३.१ प्रतिशतले ऋणात्मक रहेकोमा सन् २०२१ मा ६.१ प्रतिशतले विस्तार भएको थियो। पछिल्लो ५ वर्षमा विश्व अर्थतन्त्रको औसत वृद्धिदर २.६ प्रतिशत र विकसित अर्थतन्त्रको १.४ प्रतिशत रहेको छ।

२.आर्थिक वर्ष २०७८।७९ मा नेपालको अर्थतन्त्र ५.८४ प्रतिशतले विस्तार हुने अनुमान नेपाल सरकारले गरेको छ। साथै, आधारभूत मूल्यमा नेपालको आर्थिक वृद्धि ५.४९ प्रतिशत हुने अनुमान छ। आर्थिक वर्ष २०७६।७७ मा आर्थिक वृद्धि २.३७ प्रतिशतले ऋणात्मक रहेकोमा गत आर्थिक वर्षमा यस्तो वृद्धि ४.२५ प्रतिशत रहेको थियो।

३ आर्थिक वर्ष २०७८।७९ मा कृषि र गैर कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि क्रमशः २.३० प्रतिशत र ६.८८ प्रतिशतले वढ्ने अनुमान छ। गत आर्थिक वर्षमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि २.८५ प्रतिशतले वृद्धि भएको थियो भने गैर कृषि क्षेत्रको मूल्य अभिवृद्धि ४.२५ प्रतिशतले बढेको थियो। कूल मूल्य अभिवृद्धिमा गैर कृषि क्षेत्रको योगदान बढ्दै गएको छ भने कृषि क्षेत्रको योगदान घट्दै गएको छ। आर्थिक वर्ष २०७८।७९ मा कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्रको योगदान २३.९ प्रतिशत र गैर कृषि क्षेत्रको योगदान ७६.१ प्रतिशत रहने अनुमान छ।

४. आर्थिक वर्ष २०७८।७९ को फागुनसम्म नेपालको प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन १ हजार ३ सय ७२ अमेरीकी डलर रहेकोमा बागमती प्रदेशको प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन २ हजार ४ सय ३० अमेरीकी डलर रहेको छ। नेपालको वहुआयामीक गरिवी सन् २०१८ मा २८.६० प्रतिशत र सन् २०१९ मा १७.४० प्रतिशत रहेकोमा बागमती प्रदेशको बहुआयामीक गरिबी क्रमशः सन् २०१८ मा १२.७० प्रतिशत र सन् २०१९ मा ७.०० प्रतिशत रहेको छ।

५. संघीय सरकार र प्रदेश सरकारवाट नगरपालिकामा प्राप्त हुने वित्तिय हस्तान्तरणको रकम वृद्धि हुदै गएको छ। आन्तरिक राजश्व भने अपेक्षाकृत रुपमा संकलन हुन सकेको छैन। आर्थिक वर्ष २०७७।७८ मा राजश्व संकलन अनुमानको जम्मा ४८ प्रतिशत संकलन भएको थियो। आर्थिक वर्ष २०७८।७९ को दश महिना सम्ममा जम्मा अनुमानको २४ प्रतिशत मात्र राजश्व संकलन भएको छ।

६ आर्थिक वर्ष २०७७।७८ मा जम्मा व्यय अनुमानको ८१.१४ प्रतिशत खर्च भएको थियो चालु आर्थिक वर्षको दश महिनामा ५५.९७ प्रतिशत खर्च भएको छ।

७ आर्थिक वर्ष २०७८।७९ को फागुन मसान्तसम्ममा नेपालमा जम्मा विद्यालय संख्या ३४,३६८ रहेकोमा बगमती प्रदेशमा विद्यालय संख्या ६५६९ अर्थात १९.११ प्रतिशत रहेका छन्। धुनिवेशी नगरपालिकामा ३५ वटा सामुदायिक र ९ वटा संस्थागत विद्यालयहरु रहेका छन्।

८. नगरपालिका भित्र राष्ट्रिय राजमार्ग सहित सडक संजाल ३९० कि.मी रहेको छ।

९. आर्थिक वर्ष २०७८।७९ को दश महिनासम्ममा जम्मा २०६३ वटा व्यवसाय नगरपालिकामा दर्ता भएका छन्।

१०. आर्थिक वर्ष २०७८।७९ को फागुन सम्म नेपालमा दर्ता भएका सहकारी संस्थाहरुको संख्या ३४,७१२ रहेकोमा बागमती प्रदेशमा ११५७७ सहकारी संस्थाहरु दर्ता रहेका छन् । धुनिवेशी नगरपालिकामा ३० सहकारी संस्था रहेका छन् ।

११. नगरपालिकाका सवै घरमा शौचालय सुविधा पुगेको छ। २०७९ वैशाख सम्म २२९० घर धुरीमा एक घर एक धारा पुगेको छ ।

१२. नगरपालिकामा ३ वटा स्वास्थ्य चौकी, ६ वटा आधारभूत स्वास्थ्य केन्द्र, १३ खोप क्लिनिक, १४ गाँउघर क्लिनिक र ३ वटा प्रसुती केन्द्र (वर्थिङ सेन्टर) रहेका छन् ।

१३. यस नगरपालिकामा आलु पकेट क्षेत्र, तरकारी पकेट क्षेत्र, अदुवा पकेट क्षेत्र घोषणा गरी कृषि उत्पादन वृद्धि गरिएको छ । कृषकलाई साझेदारीमा विउ, मिनी टिलर, कम्बाइन्ड राइस मिल वितरण गरिएको छ ।

१४. पशु स्वास्थ्य घुम्ति शिविर संचालन गरी घर दैलोमै सेवा पुऱ्याईएको छ। मासु उत्पादनमा वृद्धि गर्न पाडा वितरण गरिएको छ ।

## विश्व अर्थतन्त्र

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महामारीले मानव जीवन र आर्थिक गतिविधिमा प्रतिकुल प्रभाव परेको छ । फलस्वरुप सन् २०२० मा विकसित देखि न्यून आय भएका सबै मुलुकहरुको अर्थतन्त्र सहित विश्व अर्थतन्त्र सङ्कुचित हुन पुग्यो । कोभिड १९ विरुद्धको खोपको उपलब्धतासगैँ यसको जोखिम न्यून हुदै मानिसको जीवनयापन सामान्य बन्दै गएको छ । तथापि, रुस र युक्रेन वीचको युद्धका कारण विश्वव्यापी रुपमा आपूर्ती श्रृङ्खलामा आएको अवरोधले ईन्धन तथा खाद्यान्न लगायतका वस्तुहरुको मूल्य वृद्धि हुदा कोभिड १९ पछिको अर्थतन्त्र पुनरुत्थान थप चुनौतिपूर्ण हुन गएको छ। जसका कारणले विश्व आर्थिक गतिविधिमा सुस्तता आई सन् २०२२ मा विश्व अर्थतन्त्रको विस्तार दर न्यून हुने देखिएको अन्तराष्ट्रिय मुद्रा कोषको प्रतिवेदनमा उल्लेख छ ।

## विश्व आर्थिक वृद्धि दर

अन्तराष्ट्रिय मुद्राकोषले सन् २०२२ मा विश्व अर्थतन्त्र ३.६ प्रतिशतले विस्तार हुन सक्ने प्रक्षेपण गरेको छ । सन् २०२० मा विश्व आर्थिक वृद्धि दर ३.१ प्रतिशतले ऋणात्मक रहेकोमा सन् २०२१ मा ६.१ प्रतिशतले विस्तार भएको थियो । पछिल्लो ५ वर्षमा विश्व अर्थतन्त्रको औसत वृद्धिदर २.६ प्रतिशत र विकसित अर्थतन्त्रको १.४ प्रतिशत रहेको छ । विश्वका विभिन्न अर्थतन्त्रको वृद्धिदर अवस्था तपशिल बमोजिम रहेको छ ।

**तालिका १ विश्व आर्थिक वृद्धि दर**

| अर्थतन्त्र | २०२० | २०२१ | २०२२ प्रक्षेपण |
|---|---|---|---|
| विश्व अर्थतन्त्र | -३.१ | ६.१ | ३.६ |
| विकसित अर्थतन्त्र | -४.५ | ५.२ | ३.३ |
| उदयीमान तथा विकासशील अर्थतन्त्र | -२.० | ६.८ | ३.८ |
| उदयीमान तथा विकाशील एशिया | -०.८ | ७.३ | ५.४ |
| न्युन आय भएका विकासशील अर्थतन्त्र | -०.२ | ४.० | ४.६ |

स्रोतः नेपाल सरकारको आर्थिक सर्वेक्षण २०७९

सन् २०२२ मा दक्षिण एशियाली मुलुकहरुको आर्थिक वृद्धिमा सामान्य उतार चढाव हुने प्रक्षेपण अन्तराष्ट्रिय मुद्रा कोषले गरेको छ । बंगलादेश, भुटान र नेपालको आर्थिक वृद्धिदर बढ्ने र भारत, माल्दिभ्स, श्रीलंका र पाकिस्तानको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण रहेको छ । सन् २०२१ मा २.७ प्रतिशतले विस्तार भएको नेपालको अर्थतन्त्र सन् २०२२ मा ४.१ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ । सन् २०२१ मा ८.९ प्रतिशतले विस्तार भएको भारतीय अर्थतन्त्रको वृद्धिदर सन् २०२२ मा ८.२ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ। यसै गरी सन् २०२१ मा ८.१ प्रतिशतले विस्तार भएको चीनको अर्थतन्त्र सन् २०२२ मा ४.४ प्रतिशतमा संकुचन हुने प्रक्षेपण रहेको छ ।

## मूल्य स्थिती

रसिया- युक्रेन युद्धका कारण पेट्रोलियम पदार्थ र खाद्य वस्तुको मूल्यमा भएको वृद्धिले विश्व मुद्रास्फीति बढेको छ । रसिया -युक्रेन युद्धको सवैभन्दा बढी प्रभाव उदयीमान तथा विकासशील युरोपमा परेको छ । यी मुलुकहरुको मुद्रास्फीति सन् २०२१ मा ९.५ प्रतिशत  रहेकोमा सन् २०२२ मा उच्च वृद्धि भई २७.१ प्रतिशत हुने प्रक्षेपण रहेको छ ।

सन् २०२२ मा दक्षिण एशियाली मुलुकमध्ये श्रीलंकाको मुद्रास्फीति सवैभन्दा बढी र माल्दिभ्सको सवैभन्दा कम हुने प्रक्षेपण रहेको छ। नेपालको मुद्रास्फीति सन् २०२१ मा ३.६ प्रतिशत रहेकोमा सन्न २०२२ मा २.२ प्रतिशत विन्दुले वढेर ५.८ प्रतिशत  पुग्ने प्रक्षेपण अन्तराष्ट्रिय मुद्रा कोषले गरेको छ । भारत र चीनको मुद्रास्फीति क्रमशः ६.१ प्रतिशत र २.१ प्रतिशत रहने प्रक्षेपण अन्तराष्ट्रिय मुद्रा कोषले गरेको छ ।

## विश्व व्यापार

सन् २०२० मा कोभिड १९ का कारण विश्व व्यापार ८.० प्रतिशतले घटेकोमा कोभिड १९ विरुद्धको खोपको उपलब्धता सहज भएसगै सन्न २०२१ मा १०.१ प्रतिशतले वृद्धि भएको छ। रसिया युक्रेन युद्ध र रसियामाथिको आर्थिक प्रतिवन्ध लगायतका कारणहरुले गर्दा सन् २०२२ मा विश्व व्यापारको वृद्धि ५.० प्रतिशतमा सीमित हुने प्रक्षेपण अन्तराष्ट्रिय मुद्रा कोषले गरेको छ ।

## चालु खाता सन्तुलन

सन् २०२१ र सन् २०२२ मा दक्षिण एशियाका सवै देशको चालु खाता घाटामा रहेका छन् । सन् २०२२ मा चालु खाता घाटा ११.४ प्रतिशत  हुने प्रक्षेपण छ ।

## राष्ट्रिय अर्थतन्त्र

विगत २ वर्ष देखि कोभिड १९ का कारण  शिथिल रहेको अर्थतन्त्र विस्तारै लयमा फर्कदै छ । औद्योगिक उत्पादन, व्यापार व्यवसाय लगायत समग्र आर्थिक क्रियाकलापहरु चलायमान भएका छन् । आन्तरिक मागका साथै वस्तु निकासी र पैठारी दुवैमा उच्च दरको वृद्धि भएको छ। तथापी वेमौसमी वर्षाले धानवालीमा क्षती पुग्नु, पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुनु, वित्तिय क्षेत्रमा तरलताको चाप पर्नु र विदेशी मुद्रा संचितिमा चाप पर्दै जानुले अर्थतन्त्र थप चुनौतिपूर्ण हुँदै गएको छ ।

कोभिड १९ महामारीको प्रभाव क्रमशः न्यून हुँदै आर्थिक सामाजिक गतिविधि सामान्य वन्दै गएको तथा उर्जा क्षेत्रको विस्तार उत्साहप्रद रहेको कारण आर्थिक वर्ष २०७८।७९ मा नेपालको अर्थतन्त्र ५.८४ प्रतिशतले विस्तार हुने अनुमान नेपाल सरकारले गरेको छ। साथै, आधारभूत मूल्यमा नेपालको आर्थिक वृद्धि ५.४९ प्रतिशत हुने अनुमान छ। आर्थिक वर्ष २०७६।७७ मा आर्थिक वृद्धि २.३७ प्रतिशतले ऋणात्मक रहेकोमा गत आर्थिक वर्षमा यस्तो वृद्धि ४.२५ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०७८।७९ मा कृषि र गैर कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि क्रमशः २.३० प्रतिशत र ६.८८ प्रतिशतले वढ्ने अनुमान छ । गत आर्थिक वर्षमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि २.८५ प्रतिशतले वृद्धि भएको थियो भने गैर कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.२५ प्रतिशतले बढेको थियो । कूल मूल्य अभिवृद्धिमा गैर कृषि क्षेत्रको योगदान बढ्दै गएको छ भने कृषि क्षेत्रको योगदान घट्दै गएको छ । आर्थिक वर्ष २०७८।७९ मा कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्रको योगदान २३.९ प्रतिशत र गैर कृषि क्षेत्रको योगदान ७६.१ प्रतिशत रहने अनुमान छ ।

## उपभोग

आर्थिक वर्ष २०७७।७८ मा कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश ९२.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा केही कमी भई ९०.७ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७८।७९ मा कुल गार्हस्थ्य उत्पादनमा सरकारी क्षेत्र, निजी क्षेत्र र गैर नाफामुलक संस्थाको उपभोगको अनुपात क्रमशः ८.२ प्रतिशत, ८०.८ प्रतिशत र १.७ प्रतिशत रहने अनुमान केन्द्रिय तथ्याङ्क विभागले गरेको छ । आर्थिक वर्ष २०७७।७८ मा यस्तो अनुपात क्रमशः ८.४ प्रतिशत, ८२.२ प्रतिशत र १.७ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०७८।७९ मा कुल उपभोगमा सरकारी र निजी क्षेत्रको उपभोगको अंश क्रमशः ९.०८ प्रतिशत र ८९.०२ प्रतिशत रहने अनुमान छ भने गैर नाफामुलक संस्थाको उपभोगको अंश १.८९ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७७।७८ मा यस्तो अंश क्रमशः ९.१० प्रतिशत, ८९.०३ प्रतिशत र १.८७ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०७८।७९ मा कुल निजी उपभोगमा खाद्यवस्तु, गैर खाद्यवस्तु र सेवाको अंश क्रमशः ४९.०५ प्रतिशत, १८.५९ प्रतिशत र ३२.३६ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्षमा यस्तो अंश ४९.३६ प्रतिशत, १८.७६ प्रतिशत र ३१.८८ प्रतिशत रहेको थियो ।

## बचत

आर्थिक वर्ष २०७७।७८ मा कुल गार्हस्थ उत्पादनसँग कुल गार्हस्थ बचतको अनुपात ७.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा यस्तो अनुपातमा १.६ प्रतिशत विन्दुले वृद्धि भई ९.३ प्रतिशत हुने अनुमान छ ।

आर्थिक वर्ष २०७८।७९ मा कुल गार्हस्थ उत्पादनसँग कुल राष्ट्रिय बचतको अनुपात ३२.० प्रतिशत रहने अनुमान छ ।आर्थिक वर्ष २०७७।७८ मा यस्तो अनुपात ३३.३ प्रतिशत रहेको थियो ।

## लगानी

आर्थिक वर्ष २०७७।७८ मा कुल लगानी २९.३ प्रतिशतले वृद्धि भएको छ । चालु आर्थिक वर्षमा यस्तो लगानी १८.१ प्रतिशतले वृद्धि भई रु. १८ खर्व ७ अर्व २९ करोड पुग्ने अनुमान नेपाल सरकारले गरेको छ ।

आर्थिक वर्ष २०७७।७८ मा कुल गार्हस्थ उत्पादनसगँ कुल लगानीको अनुपात ३५.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा यस्तो अनुपात वृद्धि भई ३७.३ प्रतिशत पुग्ने अनुमान छ ।

आर्थिक वर्ष २०७८।७९ मा कुल स्थिर पुँजी निर्माण गत आर्थिक वर्षको तुलनामा ११.६ प्रतिशतले वृद्धि भई रु. १४ खर्ब २५ अर्ब ७ करोड रहने अनुमान छ जसमध्ये सरकारी र निजी क्षेत्रको कुल स्थिर पुँजी निर्माण १.८ प्रतिशत र १६.० प्रतिशतले वढेको छ भने सरकारी स्वामित्वमा रहेका सार्वजनिक संस्थानको कुल स्थिर पुँजी निर्माण ४.४ प्रतिशतले घटेको छ । आर्थिक वर्ष २०७८।७९ मा कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्र, सरकारी क्षेत्र र सरकारी स्वामित्वका सार्वजनिक संस्थानको अंश क्रमशः७४.७ प्रतिशत, १९.३ प्रतिशत र ६.० प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७७।७८ मा यस्तो अंश क्रमशः७१.८ प्रतिशत, २१.२ प्रतिशत र ७.० प्रतिशत रहेको थियो ।

## वचत र लगानीको अन्तर

आर्थिक वर्ष २०७७।७८ मा बचत र लगानीको अन्तर २८.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा यस्तो अन्तरमा सीमान्त कमी भई २८.० प्रतिशत रहने अनुमान केन्द्रीय तथ्याङ्क विभागले गरेको छ ।

आर्थिक वर्ष २०७७।७८ मा कुल गार्हस्थ उत्पादनसँग स्रोत अन्तर (राष्ट्रिय लगानी अन्तर) को अनुपात २.५ प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षमा यस्तो अन्तर ५.३ प्रतिशतले ऋणात्मक हुने अनुमान रहेको छ ।

## प्रति व्यक्ति आय

आर्थिक वर्ष २०७७।७८ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) १ हजार २ सय ४६ अमेरिकी डलर रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा यस्तो आय १०.८ प्रतिशतले वढेर १ हजार ३ सय ८१ अमेरिकी डलर रहने अनुमान तथ्याङ्क विभागले गरेको छ । चालु आर्थिक वर्षमा प्रतिव्यक्ति राष्ट्रिय खर्चयोग्य आय अमेरिकी डलर १ हजार ६ सय ८३ पुगेको छ । आर्थिक वर्ष २०७७।७८ मा यस्तो आय अमेरिकी डलर १ हजार ५ सय ५७ रहेको थियो ।

## कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

आर्थिक वर्ष २०७८।७९ मा प्राथमिक क्षेत्र, द्धितियक क्षेत्र र सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.४ प्रतिशत, १०.३ प्रतिशत र ५.९ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७७।७८ मा यस्तो वृद्धिदर क्रमशः ३.० प्रतिशत ४.४ प्रतिशत, र ४.२ प्रतिशत रहेको थियो ।

कुल गार्हस्थ्य उत्पादनको संरचनामा क्रमिक रुपमा परिवर्तन हुँदै गएको छ । प्राथमिक क्षेत्रको योगदान हरेक वर्ष घटदै गएको छ भने सेवा क्षेत्रको योगदान वढ्दै गएको छ । आर्थिक वर्ष २०७७।७८ मा आधारभूत मूल्यको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्धितियक र सेवा क्षेत्रको योगदान क्रमशः

२५.५ प्रतिशत १३.१ प्रतिशत र ६१.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा यस्तो योगदान क्रमशः२४.५ प्रतिशत, १३.७ प्रतिशत र ६१.८ प्रतिशत रहने अनुमान तथ्याङ्क विभागले गरेको छ।

## सार्वजनिक वित्त

कोभिड-१९ को प्रभाव क्रमशः न्यून हुन गएसँगै सार्वजनिक वित्तका परिसूचकहरु सकरात्मक वन्दै गएका छन्। कुल सङ्घीय खर्चको तुलनामा पुँजीगत खर्च न्यून रहेको छ। यद्यपि, सङ्घीयता लागू भएपश्चात एकीकृत खर्च र कुल गार्हस्थ उत्पादन दुबैमा पुँजीगत खर्चको अनुपात वढ्दै गएको छ।

नेपाल सरकारले बजेट व्यवस्थापनका लागि विकास गरेको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), खर्च व्यवस्थापनका लागि विकास गरेको कम्प्यूटरमा आधारित सरकारी लेखा प्रणाली (CGAS) तथा भुक्तानी व्यवस्थापनका लागि विकास गरेको एकल खाता कोष (TSA) बीच अन्तर-आवद्धता गर्ने कार्य सम्पन्न गरेको छ। वित्तीय प्रतिवेदन प्रणालीलाई अन्तराष्ट्रिय मानदण्ड अनुकुल बनाउन नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ। GFS 2014 बमोजिम अन्तराष्ट्रिय मानदण्ड अनुकुल खाता सूची परिमार्जन भई लागू भएको छ। सुधारका प्रयासहरुवाट सार्वजनिक वित्त व्यवस्थापन सबल र सुदृढ बन्दै गएको छ।

स्थानीय तहमा प्रयोग भइरहेको सूत्र (SUTRA) प्रणालीलाई राष्ट्रिय भुक्तानी इन्टरफेसमा आवद्ध गरी स्थानीय तहको भुक्तानी विद्युतीय कोष हस्तान्तरण मार्फत गर्ने कार्य शुरु भएको छ। यसबाट सार्वजनिक खर्चको प्रभावकारीता अभिवृद्धि गर्न तथा वित्तिय अनुशासन कायम गर्न सहयोग पुग्ने देखिन्छ। धुनिवेशी नगरपालिकामा सुत्र प्रणाली पूर्ण रुपमा कार्यान्वयनमा रहेको छ।

## संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च

आर्थिक वर्ष २०७७।७८ मा संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च रु.१३ खर्व ६२ अर्व १८ करोड रहेको छ। एकीकृत खर्च मध्ये खुद चालु खर्च रु. ७ खर्व ४१ अर्व ७१ करोड, पुँजिगत खर्च रु. ४ खर्व ९७ अर्व १९ करोड र वित्तीय व्यवस्था रु. १ खर्व २३ अर्व २९ करोड रहेको छ।

पछिल्ला ३ वर्षमा तीन तहका सरकारको एकीकृत खर्चमा सङ्घीय खर्चको अनुपात क्रमशः घट्दै गएको छ भने प्रदेश र स्थानीय तहको खर्च अनुपात क्रमशः वढदै गएको छ। आर्थिक वर्ष २०७७।७८ मा एकीकृत खर्चमा सङ्घीय सरकारको खर्च ५८.९ प्रतिशत, प्रदेश सरकारको खर्च १२.४ प्रतिशत र स्थानीय तहको खर्च २८.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६।७७ मा यस्तो खर्च क्रमशः ६२.० प्रतिशत, ११.२ प्रतिशत, र २६.९ प्रतिशत रहेको थियो।

## स्थानीय वित्त

### क) स्थानीय आय

नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ मा जम्मा रु. ३ करोड ९६ लाख ९४ हजार ८ सय ५३ आन्तरीक राजश्व संकलन भएको थियो भने आर्थिक वर्ष २०७८।७९ को वैशाख सम्म जम्मा रु. २ करोड ९ लाख ४२ हजार ७ सय ५५ राजश्व संकलन भएको छ। आर्थिक वर्ष २०७७।७८ मा

आन्तरिक राजश्व अनुमानको जम्मा ४८ प्रतिशत राजश्व संकलन भएको थियो । आर्थिक वर्ष २०७८।८९ को दश महिनामा जम्मा अनुमानको २४ प्रतिशत मात्र राजश्व संकलन भएको छ । राजश्वको लक्ष्य हासिल गर्न चुनौतिपूर्ण देखिन्छ ।

तालिका-२ नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ र चालु आर्थिक वर्षको २०७९ वैशाख महिना सम्मको शीर्षकगत आन्तरिक आम्दानीको अवस्था

| सि.नं. | करको शीर्षक | आर्थिक वर्ष २०७७।७८ मा असुली राजश्व रु. | २०७८।७९ को २०७९ वैशाख सम्मको असुली राजश्व रु. |
|---|---|---|---|
| १ | सम्पत्ति कर | ९८१३४२ | ६७५३१२ |
| २ | मालपोत | ८३०२९५ | ४०९९४५ |
| ३ | घर वहाल कर | २८१४९२० | ११७५१५६ |
| ४ | वहाल विटौरी कर | ० | ४००६९५ |
| ५ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५४६२०३२ | ३२३७६१२ |
| ६ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ५१०० |
| ७ | अन्य प्रशासनिक सेवा शुल्क | ६५४५४९ | २३६६०० |
| ८ | नक्सा पास दस्तुर | ७५०७८१ | १०१६०८१ |
| ९ | सिफारिस दस्तुर | ५१०६६१७ | २४०९२८४ |
| १० | अन्य दस्तुर | ९२४०६३२ | ० |
| ११ | बीमा दावी प्राप्ति | ० | १५५००० |
| १२ | व्यवसाय कर | १३८५३६८१ | ११०३१९६७ |
| १३ | बेरुजु | ० | १९०००० |

## अन्तर सरकारी वित्तीय हस्तान्तरण

आर्थिक वर्ष २०७७।७८ सङ्घीय सरकारको वित्तिय हस्तान्तरणवाट ३५ करोड ९५ लाख ९६ हजार ७ सय ३४ र वागमती प्रदेश सरकारको वित्तीय हस्तान्तरणवाट जम्मा रु ४ करोड ९७ लाख ६१ हजार प्राप्त भएको थियो। आर्थिक वर्ष २०७८।७९ को वैशाख सम्म सङ्घीय सरकारको वित्तीय हस्तान्तरणवाट रु. २९ करोड ८४ लाख ९४ हजार ७ सय ५० प्राप्त भएको छ भने प्रदेश सरकारवाट ४ करोड ७० लाख २ हजार ५ सय प्राप्त भएको छ ।

## राजश्व वाडफाँट

आर्थिक वर्ष २०७७।७८ मा सङ्घीय सरकारवाट रु. ६ करोड ८६ लाख १ हजार ७६ र वागमती प्रदेश सरकारवाट रु. ५ करोड ९७ लाख ७२ हजार २ सय ६८ प्राप्त भएको थियो । आर्थिक वर्ष २०७८।७९ को वैशाख महिनासम्म सङ्घीय सरकारवाट रु.५ करोड ४२ लाख ८६ हजार १ सय २० र प्रदेश सरकारवाट ७ करोड १३ लाख ९० हजार ३ सय १५ प्राप्त भएको छ ।

आर्थिक वर्ष २०७७।७८ मा वित्तिय हस्तान्तरण, आन्तरिक राजश्व, राजश्व वाडफाँट र गत वर्षको मौज्दातवाट नगरपालिकामा जम्मा रु. ७३ करोड ४५ लाख ४५ हजार ९ सय ६३ प्राप्त भएको थियो ।

## स्थानीय खर्च

आर्थिक वर्ष २०७७।७८ मा जम्मा रु.८३ करोड ३८ लाख ३८ हजार ६ सय ८३ व्यय अनुमान गरिएकोमा जम्मा रु. ६७ करोड ६६ लाख २ सय ६७ खर्च भएको थियो । जसमा चालु खर्च रु. ३३ करोड ८१ लाख ७५ हजार ५६ र पुजिगत खर्च रु. ३३ करोड ८४ लाख २५ हजार २ सय ११ भएको थियो । चालु खर्च विनियोजनको ८२.०६ प्रतिशत र पुजिगत खर्च विनियोजनको ८०.२३ प्रतिशत भएको थियो । समष्टिमा व्यय अनुमानको ८१.१४ प्रतिशत खर्च भएको थियो । आर्थिक वर्ष २०७८।७९ को दश महिनामा चालु खर्च ६१.३९ प्रतिशत र पुँजिगत खर्च ५१.१८ प्रतिशत भएको छ । समग्रमा व्यय अनुमानको ५५.९७ प्रतिशत खर्च भएको छ । चालु आर्थिक वर्षमा व्यय अनुमानको ८० प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्वीकार गरेको छ । प्रत्येक नागरिकलाई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गरेको छ भने माध्यमिक तहको शिक्षालाई निःशुल्क गरेको छ । ज्ञानमा आधारित समाज निर्माणको माध्यमबाट दिगो विकास र आर्थिक समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण औजारको रुपमा स्वीकार गरेको छ । शिक्षालाई व्यवसायिक, सिपमूलक, रोजगारमूलक तथा जीवन उपयोगी बनाउन शिक्षा क्षेत्रमा सुधारको कार्यक्रम कार्यान्वयन गरिदै आएको छ ।

**प्रारम्भिक बालविकासः**

- नगरपालिका अन्तरगत सञ्चालित बालविकास केन्द्रहरुको संख्या कूल ३४ रहेका छन् ।
- विद्यालयमा आधारित बालविकास केन्द्र संख्या ३२ रहेको छ र समुदायमा आधारित बालविकास केन्द्र २ वटा रहेका छन् ।

**तहगत रुपमा सामुदायिक तथा संथागत विद्यालयहरुको विवरणः**

धुनिवेशी नगरपालिका अन्तरगत कूल ४४ वटा विद्यालय रहेको जसमा ३५ वटा सामुदायिक तथा ९ वटा संस्थागत विद्यालयहरु रहेका छन् । आधारभूत तहका २७ र मा.वि तहका १७ वटा विद्यालयहरु रहेका छन् ।

**तहगत विद्यालय विवरणः**

| तहगत | आधारभुत तह (१-८) | माध्यमिक तह (९-१२) | जम्मा |
|---|---|---|---|
| सामुदायिक विद्यालयहरु | २५ | १० | ३५ |
| संस्थागत विद्यालयहरु | २ | ७ | ९ |

## तहगत रुपमा शिक्षक दरबन्दी विविरण:

सामुदायिक विद्यालयहरुमा स्थायी, राहत, करार गरी २४९ जना शिक्षक कार्यरत रहेका र संस्थागत तर्फ १३२ जना शिक्षकहरु कार्यरत रहेका छन् । जसमा सामुदायिक तर्फ प्रा.वि मा १४४ जना, नि.मा.वि मा ३६, मा.वि मा ३६ तथा उ.मा.वि अनुदानमा ६ जना शिक्षक कार्यरत रहेका छन् । शून्य दरबन्दी भएका विद्यालयलाई लक्षित गरी अंग्रेजी, गणित र विज्ञान विषयमा संघ अन्तरगत मा.वि तहमा ७ जना प्रदेशबाट मा.वि.मा २ जना र नि.मा.वि मा १ जना शिक्षक दरबन्दी प्राप्त भएको छ । शिक्षकको तहगत विवरण तपसिल अनुसार रहेको छ ।

| बाल विकास केन्द्र | स्वीकृत दरबन्दी | | | राहत दरबन्दी | | | उ.मा.वि. | नगरपालिका बाट व्यवस्थापन गरिएका शिक्षकहरु | | केन्द्रिय अनुदान | | प्रदेश अनुदान | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रा.वि. | नि.मा.वि. | मा.वि. | प्रा.वि. | नि.मा.वि. | मा.वि. | अनुदान | नि.मा.वि. | मा.वि. | मा.वि. | नि.मा.वि. | मा.वि. | नि.मा.वि. |
| ३४ | ९९ | ११ | १६ | ४५ | २४ | ११ | ६ | २२ | ५ | ७ | ० | २ | १ |

संस्थागत विद्यालयका शिक्षकहरुको दरबन्दी विवरण

| बाल विकास केन्द्र | स्वीकृत दरबन्दी | | |
|---|---|---|---|
| | प्रा.वि. | नि.मा.वि. | मा.वि. |
| ९ | ६६ | १५ | ४२ |

## विद्यार्थी विवरण

शैक्षिक वर्ष २०७८ मा नगर भित्र ६६७५ विद्यार्थी भर्ना भएकोमा प्रा.वि.मा ३८७६, नि.मा.वि मा १४४२ र माध्यमिक तहमा १३४७ रहेको छ । जुन अघिल्लो वर्षको भन्दा बढी हो । तुलनात्मक रुपमा आधारभूत तह (१-५) को विद्यार्थी संख्या निरन्तर रुपमा घट्दो छ । जनसंख्या वृद्धिदर न्यून हुदै गएको, सामुदायिक विद्यालय शिक्षाको गुणस्तर प्रतिको विश्वासमा कमी र राजधानी काठमाडौंसँग जोडिएकोले पनि विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको छ ।

| विद्यालय | बालविकास | | कक्षा १-५ | | कक्षा ६-८ | | कक्षा ९-१० | | कक्षा ११-१२ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| कूल विद्यार्थी संख्या | **९४५** | | **२९३१** | | **१४५२** | | **९२२** | | **४२५** | | **६६७५** |
| सामुदायिक विद्यालय | २९९ | ३१४ | १२९९ | १४६३ | ५९७ | ५१६ | ४१६ | २९९ | २५४ | १७१ | **५६२८** |
| संस्थागत विद्यालय | १३७ | १९५ | ७२ | ९७ | १५० | १८९ | ९० | ११७ | ० | ० | **१०४७** |
| जम्मा विद्यार्थी संख्या | **४३६** | **५०९** | **१३७१** | **१५६०** | **७४७** | **७०५** | **५०६** | **४१६** | **२५४** | **१७१** | |

**शिक्षक विद्यार्थी अनुपात :**
धुनिवेशी नगरपालिका भित्र शिक्षक विद्यार्थी अनुपात १:१६.०८ रहेको छ । सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:१९.८९ र संस्थागत विद्यालयको शिक्षक विद्यार्थी अनुपात अनुपात १:७.९३ रहेको छ ।

| छात्रा छात्रको संख्या | प्रतिशत |
|---|---|
| छात्रा संख्या : ३३१४ | ४९.६५% |
| छात्र संख्या : ३३६१ | ५०.३५% |
| कूल विद्यार्थी संख्या : ६६७५ | |
| छात्र छात्राको अनुपात =१:०.९९ | |

नगरपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा महिला र पुरुष शिक्षकहरुको अनुपात १:१.१५ रहेको छ । महिला शिक्षकको संख्या ९५ र पुरुष शिक्षकको संख्या १४५ गरी जम्मा २४० जना शिक्षकहरु कार्यरत छन् । बाल विकास कक्षामा सहजकर्ताको रुपमा ३४ जना महिला सहजकर्ताहरु कार्यरत छन् । प्रत्येक वर्ष पुरुष शिक्षकको दाँजोमा महिला शिक्षक संख्या बढ्दै गइरहेको अवस्था छ ।

सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कूल विद्यार्थी संख्याको तुलनामा १.६ GPA भन्दा बढी ल्याउने विद्यार्थी संख्या १०० प्रतिशत रहेको छ । राष्ट्रिय औषत विद्यार्थी टिकाउ दर ५७.१ प्रतिशत भएकोमा यस नगरपालिका भित्र विद्यार्थी टिकाउ दर ६० प्रतिशत भन्दा माथि रहेको छ । बालविकास कक्षा सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालयका लेखा सहायकलाई संघीय सरकारले उपलब्ध गराएको पारिश्रमिकमा नगरपालिकाले रकम थप गरी नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी तलव व्यवस्था गरिएको छ ।

नगरपालिका भित्र उच्च शिक्षा अध्ययनको लागि २ वटा सामुदायिक क्याम्पसहरु संचालनमा रहेका छन् । कुनै पनि व्यक्ति आर्थिक कारणले उच्च शिक्षा अध्ययनबाट बञ्चित हुन नपरोस भनि नगरपालिका भित्रका बुहारीहरुका लागि बुहारी छात्रवृत्ति लागु गरिएको छ ।

कुनै पनि व्यक्ति शिक्षाबाट बञ्चित नहून भन्ने उद्देश्यले अनौपचारिक शिक्षाको माध्यमबाट साक्षरता वृद्धि गर्नको लागि एउटा सिकाइ केन्द्र छत्रे देउराली सामुदायिक सिकाइ केन्द्र संचालनमा रहेको छ ।

**विद्यालय भौतिक पूर्वाधार कार्यक्रम**
विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम अन्तरगत विद्यालयको १ वटा भवन निर्माण, २ वटा विद्यालयमा कोठा थप तथा मर्मत, १ वटा विद्यालयको शौचालय निर्माण, ९ वटा विद्यालयमा घेरावार, ४ वटा विद्यालयमा बाल उद्यान र ४ वटा विद्यालयमा तातो पानी सहितको शुद्ध खानेपानी व्यवस्थापन गरिएको छ ।

**युवा तथा खेलकुदः**

- राष्ट्रिय युवा परिषद् अन्तरगत युवा उद्यमशीलता कार्यक्रम संचालन भएको छ ।
- युवाहरुको प्रतिभा पहिचान गर्ने उद्देश्यले Talent Hunt प्रतियोगित सञ्चालन गरिएको छ ।
- अन्तराष्ट्रिय युवा दिवसको अवसरमा अन्तर संवाद कार्यक्रम संचालन गरिएको छ ।

- दोस्रो मेयर कप राष्ट्रिय कराँते प्रतियोगिता संचालन गरिएको छ ।
- एघाह्रौं नगर स्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता संचालन गरिएको छ ।
- नगर भित्रका ३५ जना युवाहरुलाई फुटबल सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गरिएको छ ।
- नगर भित्रका सामुदायिक विद्यालयमा खेलकुद प्रशिक्षक राखी निरन्तर खेल प्रशिक्षण गराइएको छ ।
- क्रमागत रुपमा प्यारापिट सहितको धुनिवेशी खेलमैदान निर्माण भईरहेको छ ।
- आन्तरिक खेलकुद पुर्वाधार विकासको निर्माण कार्य भईरहेको छ ।
- विगत वर्षहरुमा झै यस वर्ष पनि खेलाडी, शिक्षक, विद्यार्थी सम्मान गरिएको छ ।

## स्वास्थ्य शाखा

नेपालको संविधान २०७२ अनुसार नागरिकहरुको आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने कुरा मौलिक हकको रुपमा उल्लेख भएकोले सोही बमोजिम यस नगरपालिकाका नगरवासी नागरिकहरुको स्वास्थ्य सेवा निःशुल्क रुपमा प्राप्त गर्ने हकको सुनिश्चितताको लागि तथा स्वस्थ र समृद्ध धुनिवेशी नगर निर्माण गर्न भए गरेका र हासिल भएका उपलब्धिहरु तपशिल बमोजिम रहेका छन्

- ❖ नौविसे, जीवनपुर र छत्रेदेउराली स्वास्थ्य चौकी ६ वटा वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्रहरुबाट स्वास्थ्य सेवा प्रदान भैरहेको छ ।
- ❖ तीन वटै स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला स्थापना गरि सेवा सञ्चालन गरिएको छ । २०७८।०७९ को वैशाख मसान्त सम्म २३७४ जनाले प्रयोगशाला सेवा प्राप्त गरेका छन् ।
- ❖ स्वास्थ्य संस्थाहरुमा नगरपालिकाको तर्फबाट ३० जना कर्मचारी करारमा व्यवस्थापन गरिएको छ ।
- ❖ कडा रोग लागेका विपन्न नागरिकहरुलाई रु. १०,०००।- आर्थिक सहायता प्रदान गर्ने गरिएको छ । जसमा आ.व ०७७/०७८ मा ५४ जना र ०७८/०७९ को वैशाख मसान्तसम्म ७९ जनालाई आर्थिक सहायता प्रदान गरीएको छ ।
- ❖ वडा नं. १, २, ७ र ९ मा खोप केन्द्र भवन निर्माण गरिएको छ ।
- ❖ खोप भण्डारणको लागी १ थान आई. एल. आर. फ्रिज र आधारभुत स्वास्थ्य केन्द्रको लागी ६ थान फ्रिज वितरण गरिएको छ ।
- ❖ स्वास्थ्य सस्थाहरुको अभिलेख व्यवस्थापन गर्न ९ वटै स्वास्थ्य संस्थाहरुमा डेस्कटप कम्प्युटर, प्रिन्टर को व्यवस्था गरी इन्टरनेट जडान गरिएको छ ।
- ❖ महिला स्वास्थ्य स्वंयम् सेविकाहरुलाई औषधि तथा कागजातहरु व्यवस्थापन गर्न २८ थान दराज वितरण गरिएको छ ।
- ❖ प्रयोगशाला स्तरोन्नति गर्न एनालाइजर मेसिन खरिद गरि नौविसे स्वास्थ्य चौकीमा स्थापना गरिएको छ ।
- ❖ नौविसे स्वास्थ्य चौकीमा मेडिकल अफिसर व्यवस्थापन गरी चिकित्सकीय सेवा प्रदान भईरहेको छ । हाल सम्म ३८० जना विरामीहरुले सेवा प्राप्त गरेका छन् ।

- ❖ वर्थिङ सेन्टर रहेका ३ वटा स्वास्थ्य चौकीबाट सुत्केरी महिला लाई भित्री कपडा र सुत्केरी महिला वसुन्जेलसम्मको लागी जाउलो वितरण गरिएको छ।
- ❖ नगरपालिकाका जेष्ठ नागरिक र अपाङ्गता भएका नागरिकहरुलाई स्वास्थ्यकर्मीहरु घरघरमा गई स्वास्थ्य परिक्षण सेवा प्रदान गरीएको छ।
- ❖ स्वास्थ्य चौकी भवन निर्माण तर्फ नौविसे स्वास्थ्य चौकीमा प्राथामिक अस्पताल भवन निर्माण र छत्रेदेउराली स्वास्थ्य चौकी भवन निर्माण शुरु भएको छ।
- ❖ नौविसे स्वास्थ्य चौकीको नयाँ भवन र ६ वटा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भई सेवा सञ्चालन भएको छ।
- ❖ नगरपालिकाको स्वामित्वमा रहेका ३ वटा एम्बुलेन्सहरुबाट (नौविसे स्वास्थ्य चौकी, जिवनपुर स्वास्थ्य चौकी र छत्रेदेउराली स्वास्थ्य चौकीमा रहि) १८१३ जना सेवाग्राहीहरुलाई निःशुल्क एम्वुलेन्स सेवा प्रदान गरिएको छ।
- ❖ सबै स्वास्थ्य संस्थाहरुमा पोषण कर्नर र वाश कर्नरको व्यवस्था गरीएको छ।
- ❖ वर्थिङ सेन्टर रहेको ३ वटा स्वस्थ्य चौकी र धुनिबेशी आईसोलेसन सेन्टरमा लुगा धुनको लागि वासिङ मेसिन व्यवस्थापन गरिएको छ।
- ❖ चालु आ.व.०७८/०७९ मा ५०० एम.ए.को **X – Ray** मेशिन खरिद गरि जडान कार्य सम्पन्न भई सेवा सञ्चालनको प्रक्रियामा रहेको छ।
- ❖ चालु आ.व.०७८/०७९ देखि सवै स्वास्थ्य संस्थाहरुमा **Visual** स्वास्थ्य शिक्षा कर्नरको व्यवस्था गरिएको छ।
- ❖ चालु आ.व.०७८/०७९ मा नै वर्थिङ्ग सेण्टर रहेका तीन वटा स्वास्थ्य चौकी मध्ये **Baby Warmer** नभएको दुई वटा स्वास्थ्य चौकीहरु छत्रेदेउराली र जिवनपुर स्वास्थ्य चौकीमा **Baby Warmer** को व्यवस्था गरिनुका साथै वर्थिङ्ग सेण्टर रहेका तीन वटा स्वास्थ्य चौकीमा **KMC chair** को व्यवस्था गरिएको छ।
- ❖ नवजात शिशुसँग मेयर कार्यक्रम संचालन गरी २०७८ श्रावण १ गते पछि जन्मिएका सबै वालवालिकाहरुको नाममा नगरपालिकाले वैंक खाता खोली रु.१ हजार जम्मा गरिदिने कार्यक्रम संचालन गरिएको छ।
- ❖ शुरु देखि नै नेपाल सरकारद्धारा सूचिकृत गरिएका औषधिहरुको उपलब्धतालाई सुनिश्चित गरिएको छ।

**कोभिड १९ व्यवस्थापन**

- कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि २ वटा Case Investigation and Contact Tracing Team गठन गरीएको, महामारी तथा प्रकोपजन्य रोग रोकथाम तथा नियन्त्रणको लागि Rapid Response Team (R.R.T.) टिम गठन गरिएको छ।
- समुदायस्तरमा रुघाखोकी, ज्वरो आएका विरामीको समुदायमा गई स्वास्थ्य परिक्षण गरिएको छ।
- समुदायस्तरसम्म कोभिड १९ को संक्रमण परीक्षणको लागि PCR- Swab Collection गरी प्रयोगशाला पठाउने गरीएको र साथै एन्टिजिन परीक्षण समेत गर्ने गरीएको छ।

- अक्सिजन सहितको २० वेडको धुनिबेशी आईसोलेसन सेन्टरको स्थापना गरी सेवा प्रदान गरिएको छ ।
- २०७९ वैशाख मसान्त सम्ममा कोभिड १९ एन्टिजिन परिक्षण १८८६ जनाको गरिएको छ । जसमध्ये ४७४ जना पोजेटिभ र १४१२ जनाको नेगेटिभ रिपोर्ट आएको छ ।
- २०७९ वैशाख मसान्त सम्ममा कोभिड १९ विरुद्धको खोप २०५०३ जनाले पहिलो मात्रा, २११८४ जनाले दोस्रो मात्रा र ७०२१ जनाले वुस्टर मात्रा लगाएका छन् ।
- अक्सिजन कन्सन्ट्रेटर मेसिनको समेत व्यवस्थापन गरि सेवा प्रदान भईरहेको छ ।
- क्वारेन्टिन स्थलहरुलाई अद्यावधिक गरिएको छ ।
- आईसोलेसन सेन्टरमा वैकल्पिक उर्जाको लागी जेनेरेटरको ब्यबस्था गरिएको छ ।
- नौविसे, जिवनपुर र छत्रेदेउराली स्वास्थ्य चौकीहरुमा नियमित कोभिड १९ एन्टिजिन परिक्षण सेवा प्रदान भई रहेको छ ।
- आईसोलेसन सेन्टरमा स्वास्थ्यकर्मी/सुरक्षाकर्मीको नियमित व्यवस्थापन गरी सेवा प्रदान भइरहेको ।
- हाल सम्म आईसोलेसन सेन्टरमा ७ जना कोभिड १९ पोजेटिभ विरामीहरु वसि Discharge भएका छन् ।
- लकडाउन अवधिभर सवै स्वास्थ्य संस्थाहरु सार्वजनिक विदाको दिनमा समेत खुल्ला गरी सेवा प्रदान गरीएको छ ।
- कोभिड १९ विरुद्धको खोप सम्पूर्ण नागरिकहरुलाई प्रदान गर्न नगरपालिका लागिरहेको छ ।
- आ.व. २०७८।०७९ को वैशाख मसान्त सम्म ३६१८७ जनाले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गरेका छन् ।

## महिला बालबालिका तथा ज्येष्ठ नागरिक

- आ.व.२०७८।०७९ मा ४४ वटा ज्येष्ठ नागरिक कार्ड वितरण गरिएको छ ।
- आ.व.२०७८।०७९ मा क वर्गको ८ वटा, ख वर्गको २७ वटा, ग वर्गको १८ वटा र घ वर्गको ५ वटा गरी जम्मा ७६ जनालाई अपांगता कार्ड वितरण गरिएको छ ।
- अपांगता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुर्नस्थापन सहयोग कार्यक्रम अन्तर्गत ३ दिने बाखापालन तालिम संचालन गरी बाखा वितरण गरिएको छ ।
- मनोसामाजिक परामर्शकर्ताको उत्पादन गरी सहयोग उपलब्ध गराउन तनाव व्यवस्थापन (काउन्सिलिङ) तालिम संचालन गरिएको छ ।
- विभिन्न महिला समुहहरुलाई व्यवसाय प्रवर्धन तालिम तथा वस्तुगत टेवा स्वरुप आर्थिक सहयोग उपलब्ध गराइएको छ ।
- वडा स्तरिय बाल अधिकार समितिहरु गठन भई क्रियाशिल रहेका छन् ।
- परम्परागत पेशाको आधुनिकीकरणका लागि सहयोग उपलब्ध गराइएको छ ।
- दृष्टिविहिन छात्राहरुको अध्ययन निरन्तरताका लागि र कृषि प्राविधिक शिक्षामा प्रोत्साहनका लागि छात्रवृत्ति उपलब्ध गराईएको छ ।

- सुरक्षित आवास घर संचालन तथा व्यवस्थापन गरि सचालनमा ल्याइएको छ ।
- वृद्धा विश्राम स्थल भवन निर्माण कार्य सम्पन्न भई संचालनको प्रक्रियामा रहेको छ ।

## आर्थिक विकास

- यस नगरपालिका क्षेत्रमा आर्थिक वर्ष २०७७।७८ मा क र ख वर्गका वाणिज्य वैकहरु १० वटा रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा १२ वटा पुगेका छन् ।
- दुई वटा लघु उद्योग संचालनमा रहेका छन् ।
- ईटा उद्योग २७ वटा, चुन ढुंगा उद्योग १, कृषि चुनढुगां उद्योग १, ग्यास उद्योग ४, औषधि उद्योग २, वाइन उद्योग २, प्लाष्टिक उद्योग २, सिमेन्ट उद्योग ३ र पेट्रोल पम्प ३ रहेका छन् ।
- आर्थिक वर्ष २०७७।७८ को अन्त्यसम्ममा १५२० वटा व्यवसाय दर्ता रहेकोमा आर्थिक वर्ष २०७८।७९ को वैशाख मसान्त सम्म ५४३ वटा थप भइ जम्मा २०४३ व्यवसाय दर्ता भएका छन् ।
- आर्थिक वर्ष २०७७।७८ को अन्त्य सम्ममा २७ वटा सहकारी संस्था दर्ता रहेकोमा आर्थिक वर्ष २०७८।७९ को वैशाख मसान्त सम्म ३ वटा थप भइ जम्मा ३० वटा सहकारी संस्था दर्ता भएका छन् । धुनिवेशी सहकारी संघ लिमिटेड दर्ता भएको छ ।
- निजी क्षेत्रसँगको सहकार्यमा फोहोरमैला संकलन तथा ब्यवस्थापन गरी स्वच्छ सफा हराभरा नगरको अभियान शुरु गरिएको छ ।

## रोजगार प्रर्वद्धन कार्यक्रम

- सामूदायिक अभिमुखिकरण तथा सुरक्षित आप्रवासन सम्बन्धी सुचना १२७२ जनालाई प्रदान गरिएको छ ।
- वित्तीय साक्षरता तथा मनोपरामर्श समूह ४ वटा गठन भई क्रियाशिल रहेका छन् ।
- वैदेशिक रोजगारीसंग सम्बन्धित समस्याहरु समाधान गरिएको छ ।
- वैदेशिक रोजगारीमा गएका भिषा अवधि रहदै मृत्यू, दूर्घटना तथा गम्भिर खालका स्वास्थ्य समस्या भएको परिवारका वालवालिकालाई वार्षिक छात्रवृत्तिका लागि सम्बन्धित निकायमा पहल भइरहेको छ ।
- नगरपालिकाको रोजगार सेवा केन्द्रमा आर्थिक वर्ष २०७७।७८ मा जम्मा १६३ जना वेरोजगार व्यक्तिले औषतमा ९६ दिन रोजगार प्राप्त गरेका थिए । आर्थिक वर्ष २०७८।७९ मा २३ जना वेरोजगार व्यक्तिहरु प्रति व्यक्ति १०० दिन रोजगारीमा संलग्न भएका छन ।

## उद्यमशिलता विकास

- सहभागितामुलक ग्रामिण लेखाजोखा, प्रारम्भिक वजार सर्वेक्षण र स्रोत सम्भाव्यता अध्ययन गरिएको छ ।

- सम्भावित उद्यमीहरुको लागि व्यवसाय सचेतना तालिम, व्यवसायिक शुरु तालिम, लैगिंक तथा सामाजिक समावेशीकरण तालिम सम्पन्न भएको छ ।
- आर्थिक वर्ष २०७७।७८ मा ८० जनाले Business plan तयार गरी पेश गरेका थिए भने आर्थिक वर्ष २०७८।७९ मा ६२ जनाले पेश गरेका छन् ।
- उद्यमशिलता प्रवर्धन गर्न ढाका बुनाई, आधारभुत सिलाईकटाई, झोल साबुन, हार्पिक, कोलिन, फिनेल बनाउने, बाख्रा पालन गर्ने, जुत्ता चप्पल बनाउने, गलैचा वुनाई लगाएतको सीप विकास तालिम सम्पन्न भएको छ ।

## कृषि सेवा

नगरपालिका क्षेत्रभित्र आ.व.२०७७।०७८ मा मुख्य अन्न बाली नगदे बाली, फलफुल खेती, तरकारी खेतीको उत्पादनको परिमाण

| क्र.सं | नाम | उत्पादन परिमाण मे.टन | बिक्रि परिमाण | मुल्य | वार्षिक आम्दानी रु हजारमा |
|---|---|---|---|---|---|
| १ | मकै | ७८९.९ | २१९ | ४० | ८७,६० |
| २ | धान | १४०० | ७०० | ५२ | ३६४०० |
| ३ | कोदो | ४४.६५ | ९ | ४० | ३६० |
| ४ | गहुँ | २० | ११ | ३५ | ३८५ |
| ५ | कागती | ७.३ | ६ | १५० | ९०० |
| ६ | सुन्तला | ८.१ | ६ | ८० | ४८० |
| ७ | निबुवा | २ | ० | ० | ० |
| ८ | लिची | २९.२ | २० | ११० | २२०० |
| ९ | अम्बा | ७.२ | ५ | ३ | |
| १० | आँप | १९.२ | १४ | ५० | ७०० |
| ११ | काउली | ४३५४ | ३८५० | ३० | ११५५०० |
| १२ | गोलभेडा | ४२७० | ३८६० | ४० | १५४४०० |
| १३ | सिमी | ३२८० | २६०० | ३० | ७८००० |
| १४ | करेला | | | | |
| १५ | बोडी | १५६८ | १०५० | ३० | ३१५०० |

### कृषि उत्पादनको पकेट क्षेत्र:

कृषि उत्पादन वृद्धि गर्न वडा नं.७ को चिसापानी, तोप्लाङ्ग, गुर्दुम, लिखु, दोभान क्षेत्रलाई आलु पकेट क्षेत्र, वडा नं. ६ बानियाँटार क्षेत्रलाई तरकारी पकेट क्षेत्र र वडा नं. ३ को कात्तिके दमाहाढुङ्गा क्षेत्रलाई अदुवा पकेट क्षेत्र घोषणा गरी कार्यक्रम संचालन गरिएको छ ।

**नगरपालिका क्षेत्रमा कृषि संकलन केन्द्र तथा कोल्ड स्टोरको विवरण:**

| नाम | स्थान |
|---|---|
| कुखुरेचौर कृषि सहकारी सस्था लि. | धु.न.पा २ |
| उदय कृषि बहुउदेश्य सहकारी संस्था | धु.न.पा ५ सत्तासी |

| | |
|---|---|
| उत्प्रेरण महिला कृषि सहकारी संस्था लि | धु.न.पा ६ धार्के |
| कालिदेवी महिला वहुउदेश्य सहकारी संस्था लि | धु.न.पा.८ खानिखोला |
| धार्के तरकारी संकलन केन्द्र | धु.न.पा-६, धार्के |
| दोभान कृषि सहकारी संस्था लि | धु.न.पा.७ दोभान |

**नगरपालिकाले कृषिमा उपलब्ध गराएको सहयोग तथा अनुदानको व्यवस्था**

| **अनुदान तथा सहयोगको प्रकार** | **सहयोग हुने कृषि उपज** |
|---|---|
| खाद्यन्न वालीको उन्नत विउ उपयोगमा मुल्य अनुदान | धान, गहुँ, मकै |
| कृषक समुहलाई कृषक समुह गठन, संचालन तथा व्यवस्थापन विषयक स्थलगत १ दिने तालिम | |
| कृषक समुहको मागमा आधारित कृषि कार्यक्रम (५० प्रतिसत लागत साझेदारी) | तरकारी तथा फलफूल खेती |
| कम्वाइन्डर राइस मिल (५० प्रतिसत लागत साझेदारी) | खाद्यन्न बाली |
| ७ एच.पिको पेट्रोल ईन्जिन मिनिटिलर (५० प्रतिसत लागत साझेदारी) | तरकारी तथा खाद्यन्न बाली उत्पादन |
| हाइट्रेक तथा ग्रिन हाउस निमार्ण (५० प्रतिसत लागत साझेदारी) | तरकारी खेती |
| एक वडा एक नमुना मोडेल कृषि फर्म स्थापना (५० प्रतिसत लागत साझेदारी) | च्याउ तथा तरकारी |
| आ.व. २०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायीक कृषि उत्पादन केन्द(पकेट) विकास कार्यक्रम निरन्तरता | तरकारी र अदुवा बाली |
| आलु बालीको साना व्यवसायीक कृषि उत्पादन केन्द्र(पकेट)विकास कार्यक्रम संचालन | आलु |

## कृषि समुहको विवरण

यस नगरपालिकामा हाल सम्म ५१ वटा कृषि समुह दर्ता भई संचालनमा रहेका छन् ।

## पशुपन्छि सेवा

- निःशुल्क पशु स्वास्थ्य घुम्ति शिविर संचालन कार्यकमबाट १४४३ जना सेवाग्राहीका १४७७५ पशुपन्छीमा उपचार सेवा पुऱ्याईएको छ ।
- एक जना पशु सेवा प्राविधिकको व्यवस्थापन गरि पशु उपचार सेवालाई थप प्रभावकारी बनाईएको छ ।
- यस नगरपालिकाको कार्यक्षेत्र ठूलो भएको र नगरपालिका स्थित पशु सेवा शाखाबाट मात्र सबै क्षेत्रमा सेवा पुऱ्याउन असम्भव भएको हुंदा धु.न. पा. वडा नं. १ र २ को लागि वडा नं. १ को वडा कार्यालयमा तथा वडा नं. ३ र ४ को लागि वडा नं.४ मा मुकाम रहने गरि एक एक जना पशु सेवा प्राविधिकको व्यवस्था गरिएको छ ।
- नश्ल सुधारको लागि ७६७ वटा गाईभैंसी तथा बाख्रामा कृत्रिम गर्भाधान गराई उन्नत पशु उत्पादन गरिएको छ ।
- नगरको पशु सेवा शाखाबाट यस अवधिमा १९९२ जना सेवाग्राहीका १५०३८ गोटा पशुपन्छीमा उपचार सेवा प्रदान गरिएकोछ ।

- साधारण ल्यावको आवश्यक डिजीटल माईक्रोस्कोप लगायतका सामग्रीको व्यवस्था गरि यस अवधिमा २८० गोटा गोबरको नमुना परिक्षण गरि रोग तथा परजीविको पहिचान गरि औषधि उपचार गरिएको छ ।
- यस अवधिमा यस नगरपालिका भरीका ३५००० गोटा बाख्रामा संक्रामक पि.पि.आर. रोग विरुद्धको खोप लगाईएको छ, त्यसैगरि १२० गोटा घरपालुवा कुकुरहरुमा एन्टिरेबिज खोप, २०५० वटा ठूला पशुमा खोरेत विरुद्धको खोप, १५०० वटा ठूला पशुमा एच.एस. बि.क्यू विरुद्धको खोप तथा १००० वटा बंगुरमा स्वाइन फिभर विरुद्धको खोप (भ्याक्सिन) लगाउने कार्य सम्पन्न भएकोछ ।
- यस नगरपालिकाको ढकालखोला तथा अन्य क्षेत्रमा अज्ञात रोग फैलिई पशुधन नोक्सानी भएको खबर पाउनासाथ पशुपन्छी विकास शाखाबाट औषधि सहितको द्रुत प्रति कार्य समूह Rapid Response Team बनाई गाउँमा आवश्यक परेको बेला खटाउने गरि तयारी अवस्थामा राखिएको छ । केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशालासंग सहकार्य गरेर विरामी पशुको नमुना संकलन गरि चेकजांचको लागि सो कार्यलयमा पठाइएकोमा नमुना जाँचपछि पशुमा खोरेत रोग पुष्टि भएको थियो ।
- खोरेत रोग पुष्टि भएको स्थानमा केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला तथा पशु सेवा विज्ञ केन्द्र, धादिङको टिम सहित नगरपालिकाको कर्मचारीहरुबाट गोठ गोठमा गई पशु उपचार गर्ने तथा निसंक्रमण गर्ने कार्य गरिएको छ ।
- कृषि पर्यटनको लागि स्थानिय कुखुरा, कालिज तथा टर्की पालन प्रवर्द्धनको लागि सेवाटेवा कार्यक्रम तथा दुग्ध संकलन केन्द्र सुधार कार्यक्रम सम्पन्न भएको छ ।
- घाँस तथा डालेघाँसको विउ वेर्ना वितरण र लागत साझेदारीमा च्यापकटर वितरण कार्यक्रम सम्झौता भई सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ ।
- लागत साझेदारीमा खोर गोठ सुधार कार्यक्रमको सुचना प्रकाशन तथा लाभग्राहीको निवेदन संकलन गरि फिल्ड भेरीफिकेसन गर्ने कार्य भईरहेको छ ।
- संघीय सरकारबाट प्राप्त मासु मिसन अन्तरगत पाडा प्रवर्द्धन कार्यक्रम, ईपिडेमियोलोजि रिपोर्टिङ कार्यक्रम, कृत्रिम गर्भाधान कार्यक्रम सम्पन्न भएको छ भने गाईको साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता र घाँस मिसन कार्यक्रम सम्झौता भई कार्यक्रम सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ ।

## सडक पूर्वाधार

यस नगरपालिकामा नगर यातायात गुरुयोजना अनुसार २०३ वटा सडकहरु रहेकोमा हाल २१० वटा सडकहरु रहेका छन् । राष्ट्रिय राजमार्ग सहित कुल सडक सञ्जाल ३९० किलोमिटर रहेको छ । २०७८ असार मसान्त सम्म राष्ट्रिय राजमार्ग वाहेक २०६२ मिटर सडक कालोपत्रे भएको छ। आर्थिक वर्ष २०७८।७९ मा ४ वटा सडकको जम्मा ४ कि.मि. ४०० मीटर सडक कालोपत्रे गर्ने गरी काम भैरहेको छ ।

आर्थिक वर्ष २०७७।७८ मा सडक चौडा  तथा मर्मत सुधार २७.२५ कि.मी, सडक ग्रावेल २४.३२ कि.मी., पक्की नाली निर्माण १.६८ कि.मी., कच्ची नाली निर्माण २३.५७ कि.मी., सडक ढलान ७८४

र.मी., ग्याविन वाल निर्माण ५४२.१० र.मी., मेशीनरी वाल निर्माण ५४४.२१ र.मी र ह्युम पाइप कर्ल्भट २६० र.मी. निर्माण सम्पन्न भएको थियो ।

आर्थिक वर्ष २०७८।७९ को दश महिनामा सडक चौडा तथा मर्मत सुधार २५.७९ कि.मी, सडक ग्रावेल ३३.६४ कि.मी., पक्की नाली निर्माण १.०३ कि.मी., कच्ची नाली निर्माण ४६.९९ कि.मी., सडक ढलान ५७९ र.मी., ग्याविन वाल निर्माण ४४६ र.मी., मेशिनरी वाल निर्माण ८५३ र.मी र ह्युम पाइप कर्ल्भट २६० र.मी. निर्माण सम्पन्न भएको छ ।

### खानेपानी

आ.व.०७८।०७९ को वैशाख मसान्त सम्म खानेपानी ट्यांकी निर्माण ९ वटा, इन्टेक निर्माण ४ वटा, पम्प खरिद १ वटा, पम्प हाउस निर्माण ९ वटा र एक घर एक धारा निर्माण ४४४ वटा सम्पन्न भएका छन् । हाल सम्म २२९० घर धुरीमा एक घर एक धारा निर्माण सम्पन्न भएको छ ।

### अन्य पुर्वाधार

- नगरपालिकाको प्रशासकीय भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।
- धुनिवेशी पार्कमा थप संरचना निर्माण, विभिन्न स्थानमा मन्दिर, सामुदायिक भवन, विद्यालय भवन, गुम्वा, मरनघाट लगायतका भौतिक संरचना निर्माण भएका छन् ।

## सुशासन तथा संस्थागत विकास

- नगरपालिकाको प्रशासकीय भवन निर्माणाधिन अवस्थामा रहेको छ । वडा नं.८ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्तीको कार्य सम्पन्न भई भवन निर्माण गर्ने तयारी गरिँदै छ। अन्य सबै वडा कार्यालयहरुले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् । भौतिक रुपमा पुर्वाधार सम्पन्न बनाई सेवा प्रवाहलाई व्यवस्थित, छिटो, छरितो र अपाङ्गमैत्री बनाउने प्रयासहरु निरन्तर रुपमा अगाडी बढाइएको छ । Online सेवा विस्तार गरी विद्युतिय शासन प्रणालीको सुरुवात गरिएको छ । वडा नं.३ र ९ को लागि सुविधा सम्पन्न कार्यालय भवन निर्माण गरिएको छ ।
- नगरपालिकामा दरवन्दी संरचना अनुसार ५८ जना स्थायी कर्मचारी कार्यरत छन् । सेवा विस्तार, कार्यवोझ र स्थानीय आवश्यकताको आधारमा करार सेवामा ९७ जना कर्मचारीहरु कार्यरत छन् ।
- स्थानीय तह संस्थागत स्वमुल्याङ्कन अर्न्तगत धुनिवेशी नगरपालिकाले आ.व. ०७६।०७७ र आ.व. २०७७।०७८ को संस्थागत क्षमताको स्व-मुल्याङ्कन गर्ने कार्य सम्पन्न भएको छ । संस्थागत स्वा-मुल्याङ्कन अर्न्तगत आ.व.२०७६।०७७ को लागि ७६ अंक र आ.व.०७७।०७८ को लागि ८१.७५ अंक प्राप्त भएको छ भने आगामी आ.व. मा थप सुधार गर्नुपर्ने पक्षहरुलाई सुधार गरी स्व-मुल्याङ्कनलाई अझै बढी प्रभावकारी र थप अंकका साथ अघि बढ्न तत्कालैबाट तयारी गर्नुपर्ने महसुस गरी कार्ययोजना बनाई कार्यसम्पादन गर्ने तर्फ नगरपालिकाको ध्यानाकर्षण भएको हुँदा सोही अनुसार धुनिवेशी नगरपालिका अघि बढी रहेको अवस्था छ ।

- धुनिवेशी नगरपालिका मिति २०७३।११।२७ मा स्थापना भएको सबै भन्दा कान्छो नगरपालिका हो । संघीय शासन प्रणाली लागू भए पश्चात पहिलो पटक भएको स्थानीय तह सदस्य पदको

निर्वाचनमा निर्वाचित भएका जनप्रतिनिधिहरुले पदभार ग्रहण गरी पहिलो ५ वर्षे कार्यकाल पुरा गर्दै गर्दा ८८ औँ पटक नगर कार्यपालिका बैठक बसेको छ, भने १० औँ नगर सभा सम्पन्न भएको छ ।

- हाल सम्म ऐन-१९, दिग्दर्शन-१, नियमावली- ५, निर्देशिका-३, नीति-१, प्रतिकार्य योजना-१, मापदण्ड-१, कार्यविधि-४७ निर्माण भएको छ ।
- संघीय शासन प्रणाली अर्न्तगत दोस्रो पटक भएको स्थानीय तह सदस्य पदको निर्वाचनमा निर्वाचित भएका जनप्रतिनिधिले पदभार ग्रहण गरी नगरकार्यपालिका गठन भए पश्चात नगरकार्यपालिकाको पहिलो र दोस्रो वैठकबाट कार्यविधि-१ र नियमावली १ वटा निर्माण गरी हाल सम्म ८० वटा कानूनहरु निर्माण भई कानूनहरुको एकिकृत संगालो (पुस्तिका) समेत प्रकाशन भई सकेको अवस्था छ ।
- नगरसभा एवं नगरकार्यपालिका बैठकबाट पारित भएका कानूनहरुलाई स्थानीय राजपत्रमा प्रकाशन गर्ने । वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई समेटी प्रत्येक आर्थिक वर्षका लागि वार्षिक योजना किताबहरु प्रकाशन गर्ने कार्य नियमित रुपमा गर्दै आएको छ भने वार्षिक योजना सम्झौता फारमको ढाँचा तयार गरी ढाँचा अनुसारको सम्झौता पुस्तिका छपाई गर्दै आवश्यकता अनुसार सम्झौता पुस्तिका प्रकाशन गरी उपलब्ध गराइएको छ । निर्वाचित पहिलो स्थानीय सरकारले चार वर्षमा गरेका कार्यहरुलाई समेटी पहिलो स्थानीय सरकारका चार वर्षिय उपलब्धिहरु नामक पुस्तक समेत प्रकाशन गरिएको छ ।
- आर्थिक वर्ष २०७७।७८ मा जम्मा जन्म दर्ता ८३८, मृत्य दर्ता ३६१, विवाह दर्ता २८५ वसाईसराई दर्ता २५ र सम्बन्ध विच्देद ७ वटा गरी जम्मा १५२३ व्यक्तिगत घटना दर्ता भएका थिए । आर्थिक वर्ष २०७८।७९ को चैत्र मसान्त सम्म जन्म दर्ता ६७५, मृत्यु दर्ता २५५, विवाह दर्ता २८७, वसाईसराई दर्ता संख्या २६ र सम्बन्ध विच्छेद गरी १२४८ व्यक्तिगत घटना दर्ता भएका छन् ।
- आर्थिक वर्ष २०७७।७८ को प्रथम चौमासिकमा जम्मा ३२१६ जना लाभग्राहीहरुलाई ३ करोड ८ लाख ३१ हजार ७८१ रुपैँया, दोस्रो चौमासिकमा ३२३० जना लाभग्राहीहरुलाई ३ करोड ८ लाख ३१ हजार १०० रुपैँया र तेस्रो चौमासिकमा ३२८२ जनालाई ३ करोड १५ लाख ३ हजार ८०२ रुपैँया गरी कुल ९ करोड २९ लाख २ हजार ९१९ रुपैँया सामाजिक सुरक्षा रकम वितरण गरिएको थियो ।
- आर्थिक वर्ष २०७८।७९ को प्रथम त्रैमासिकमा ३२७३ जना लाभग्राहीलाई ३ करोड १५ लाख ३९ हजार १०६ रुपैँया, दोस्रो त्रैमासिकमा ३२९५ जना लाभग्राहीलाई ३ करोड १६ लाख ७३ हजार ७४१ रुपैँया र तेस्रो त्रैमासिकमा ३३१२ जना लाभग्राहीलाई ३ करोड १६ लाख ४२ हजार ७ रुपैँया गरी कुल ९ करोड ४८ लाख ५४ हजार ८५४ रुपैँया वितरण गरिएको छ । सवै लाभग्राहीलाई वैकिङ प्रणाली मार्फत मात्र रकम भुक्तानी गरिएको छ

## वन तथा वातावरण

डिभिजन वन कार्यालय धादिगंको आर्थिक वर्ष २०७७।७८ को वार्षिक प्रतिवेदन अनुसार यस नगरपालिकामा समग्र क्षेत्रफलको ५ प्रतिशत बन रहेको छ । जस मध्ये कबुलियत बन ६८।४१

हेक्टर सामुदायिक बन १०९४।६५ हेक्टर सरकारद्धारा ब्यवस्थापन बन ५६७९०।५१ हेक्टर रहेको छ । निजी बन ०।२५ हेक्टर रहेको छ ।

## विपद व्यवस्थापन

आगलागिवाट हुने विपदलाई न्युनिकरण गर्न दमकल थान १ र फायरम्यानको ब्यवस्थापन गरिएको छ । आर्थिक वर्ष २०७७।७८ मा ७ वटा र आर्थिक वर्ष २०७८।७९ को वैशाख सम्म ३ वटा आगलागि तथा डडेलो नियन्त्रण गरिएको छ ।

आर्थिक वर्ष २०७७।७८ मा मनसुन जन्य विपदवाट घर आँगन पहिरो गई २६६ जनालाई संरक्षणका लागि रु २५०००। का दरले राहत वितरण गरिएको थियो । सोही प्रकृतिको कामका लागि आर्थिक वर्ष २०७८।७९ को वैशाख सम्म ५४ जनाले २० हजार देखि ४० हजार सम्म राहत पाएका छन् ।

## न्यायिक समिति

- आर्थिक वर्ष २०७७।७८ को अन्त्य सम्ममा न्यायिक समितिमा जम्मा २७ वटा उजुरी दर्ता भएकोमा २४ वटा उजुरी फछ्यौट भएका थिए। ३ वटा उजुरी प्रक्रियामा रहेका थिए।
- आर्थिक वर्ष २०७८।७९ को वैशाख सम्ममा न्यायिक समितिमा जग्गा विवाद सम्बन्धी ६ वटा उजुरी दर्ता भएकोमा ३ वटा फछ्यौट भएको र ३ वटा प्रकृयामा रहेको, घरायासी विवाद सम्बन्धी २ वटा उजुरी दर्ता भएकोमा १ वटा उजुरी फछ्यौट भएको र १ वटा प्रकृयामा रहेको छ। बाटो विवाद सम्बन्धी उजुरी १ वटा परेकोमा फछ्यौट हुन बाँकी रहेको छ।

## अनुसूची-१

आ.व.२०७४/०७५ देखि ०७८/०७९ वैशाख सम्मको आय विवरण

| सि.नं. | बजेटको तह | आ.व.२०७४/०७५ यथार्थ आम्दानी | आ.व.२०७५/०७६यथार्थ आम्दानी | आ.व.२०७६/०७७यथार्थ आम्दानी | आ.व.२०७७/०७८ यथार्थ आम्दानी | आ.व.२०७८/०७९वैशाख सम्मको आय | |
|---|---|---|---|---|---|---|---|
| १ | **सङ्घीय सरकार** | **३३४९२९९९०** | **३७३८०१०००** | **४१४९४२९२६** | **४२८१९७८१०** | **४२०२९१४७९** | |
| | समानीकरण अनुदान | १७८२०५००० | १६१५००००० | १६०१००००० | १५५७०१७३३ | १६२०००००० | |
| | शसर्त अनुदान | १५६७२४९९० | १४६१३४००० | १७१७६३६४३ | १८४२५१००० | १७७८१०००० | |
| | सममपुरक अनुदान | ० | ० | २००००००० | ११६४४००० | ९६८०००० | |
| | विषेश अनुदान | ० | ० | ७५००००० | ८०००००० | २०७५००० | |
| | राजस्व बाडफाड | ० | ६६१६७००० | ५५५७९२८२.८८ | ६८६०१०७६.९६ | ६८७२६४७९ | |
| २ | **प्रदेश सरकार** | **०** | **६३६३७०००** | **७८२६४९०७.६** | **१०९५३३२६९** | **११८०५२५३३** | |
| | समानीकरण अनुदान | ० | ८०९२००० | १०१९३००० | १०२१५००० | १०६७९२५० | |
| | शसर्त अनुदान | ० | २३०८५००० | १२६८०००० | १६५४६००० | १५३२१७५० | |
| | सममपुरक अनुदान | ० | ० | १६२७४००० | २००००००० | १८७५१५०० | |
| | विषेश अनुदान | ० | ० | ४२७८००० | ३०००००० | २२५०००० | |
| | राजस्व बाडफाड | ० | ३२४६०००० | ३४८३९९०७.५८ | ५९७७२२६८.७४ | ७१०५००३३ | |
| ३ | **अन्तर स्थानीय तह वित्तीय हस्तान्तरण** | **१०००००००** | **१४४०००००** | **१०००००००** | **१०००००००** | **३००००००००** | |
| | | १०००००००० | १४४०००००० | १०००००००० | १०००००००० | ३०००००००० | |
| ४ | **आन्तरिक स्रोत** | **०** | **०** | **२४५७४४६४.८** | **३९६९४८५३.४** | **२०९४२७५५** | |
| | | | | २४५७४४६४.८१ | ३९६९४८५३.३६ | २०९४२७५५ | |

# अनुसूची-२

## आ.व.२०७४/०७५ देखि ०७८/०७९ वैशाख सम्मको व्यय विवरण

| सि.नं. | खर्च संकेत नंवर | खर्च शीर्षक | आ.व.२०७४/०७५ यथार्थ खर्च | आ.व.२०७५/०७६ यथार्थ खर्च | आ.व.२०७६/०७७ यथार्थ खर्च | आ.व.२०७७/०७८ यथार्थ खर्च | आ.व.२०७८/०७९ वैशाख सम्मको खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | २१००० | पारिश्रमिक/सुविधा | २१९१९२२५.०० | ५९२८२४३५.०० | ६७९८४३१२.०० | ५३८४८३७५.०० | ४९११०१८७.०० |
| २ | २२००० | मालसामान तथा सेवाको उपयोग | ४७१८४५६९.०० | ८३२२४७०८.०० | ९७५५६५९५.२३ | १०१३९३२५७.२९ | ८०१४३६७४.२० |
| ३ | २५००० | सहायता (Subsidy) | ६०६८२६०.०० | ९०२१९७१.०० | ८०२१३५६.०० | १२६३३००.०० | ०.०० |
| ४ | २६००० | अनुदान | ७५७७५४४.०० | ६७०५९८४६.०० | ९०९५०१०१.०० | १६१३७९९०८.०८ | १३५५५२५०३.१२ |
| ५ | २७००० | सामाजिक सुरक्षा | ५७१३०९१५.०० | ८४३८४९१३.२८ | ५४२७२४३.३२ | १७४८१६०५.०० | ५९८२४४५.०० |
| ६ | २८००० | अन्य खर्च | ४४९५०९९.०० | १०८०६११५.०० | ११५३५०५९.०० | २८०८६११.०० | ९३१८१०४.९२ |
| ७ | ३१००० | गैर वित्तीय सम्पत्ती/पूँजीगत खर्च | १००७३६३८८.०० | १८७८६४०११.७२ | २७४८२८२३४.५८ | ३३८४२५२११.६० | २४२५८७१११.८६ |
| **कुल खर्च रकम** | | | **२४५११२०००.००** | **५०१६४४०००.००** | **५५६३०२९०१.१३** | **६७६६००२६७.९७** | **५२२६९४०२६.१०** |
| चालु खर्च | | | १४४३७५६१२.०० | ३१३७७९९८८.२८ | २८१४७४६६६.५५ | ३३८१७५०५६.३७ | २८०१०६९१४.२४ |
| पूजीगत खर्च | | | १००७३६३८८.०० | १८७८६४०११.७२ | २७४८२८२३४.५८ | ३३८४२५२११.६० | २४२५८७१११.८६ |

## अनुसूची-३

आ.व.२०७४/०७५ देखि ०७८/०७९ वैशाख सम्मको व्यय अनुमानको खर्च विवरण (प्रतिशतमा)

| सि. नं. | खर्च शीर्षक | आ.व.२०७४/०७५ यथार्थ खर्च | आ.व.२०७५/०७६ यथार्थ खर्च | आ.व.२०७६/०७७ यथार्थ खर्च | आ.व.२०७७/०७८ यथार्थ खर्च | आ.व.२०७८/०७९ वैशाख सम्मको खर्च |
|---|---|---|---|---|---|---|
| १ | व्यय अनुमानको चालु खर्च(प्रतिशतमा) | ८३.९७ | ७५.४० | ७७.०८ | ८२.०६ | ६१.३९ |
| २ | व्यय अनुमानको पूजीगत खर्च(प्रतिशतमा) | ७२.८२ | ८०.२५ | ६४.९१ | ८०.२३ | ५१.१८ |
| ३ | व्यय अनुमानको जम्मा खर्च(प्रतिशतमा) | ७९.८० | ७७.३९ | ७०.५४ | ८१.१४ | ५५.९७ |

# अनुसूची-४

| क्र.सं | संस्थाको नाम | विवरण |
|---|---|---|
| १ | लघु उद्योगः- | गोरखनाथ रेनुसा ढाका उद्योग धुनपा-४ |
| | | शिव पार्वती व्याग उद्योग धुनपा-४ |
| २ | बजार केन्द्रः- | भन्ज्याङ् पोखरी वडा नं. १ |
| | | सानाकिसान महेशखोला वडा नं.२ |
| | | रमाइलोचौर, दमाहाढुङ्गा वडा नं. ३ |
| | | जिवनपुर भन्ज्याङ् वडा नं. ४ |
| | | धार्के बजार वडा नं. ५ |
| | | धार्के, नौविसे बजार वडा नं. ६ |
| | | खानिखोला, नौविसे बजार वडा नं. ७ |
| | | खानिखोला बजार वडा नं. ८ |
| | | टायलघर बजार वडा नं. ९ |
| ३ | पर्यटकीय तथा धार्मिक स्थलः | तिनछाँगे वडा नं. ७ |
| | | झ्याम्पल खोला झर्ना १ नं. वडा |
| | | बछ्लादेवि मन्दिर १ नं. वडा |
| | | चमेरो गुफा १ नं. वडा |
| | | महेशनारायण गुफा २ नं. वडा |
| | | तिर्कुटेश्वर मन्दिर ३ नं. वडा |
| | | नमबुद्ध गुम्बा ३ नं. वडा |
| | | कोटाकालिका मन्दिर ४ नं. वडा |
| | | चिच्याउने गुफा ४ नं. वडा |
| | | कृष्ण मन्दिर ४ नं. वडा |
| | | गोरखनाथ बाबा धाम ५ नं. वडा |
| | | धुनिवेशी पार्क ५ नं. वडा |
| | | देविदेउराली मन्दिर ५ नं. वडा |
| | | कालिदेवीमन्दिर ६ नं. वडा |
| | | तोप्लाङ गाउँ ७ नं. वडा |

| | | |
|---|---|---|
| | | तिनछागे झर्ना ७ नं. वडा |
| | | सेतिदेवी मन्दिर ७ नं. वडा |
| | | निर्वेश्वर महादेव मन्दिर ७ नं. वडा |
| | | मनकामना मन्दिर ७ नं. वडा |
| | | तोप्लाङ देखि शक्तखोरसम्मको हाइकिङ/पैदल रुट ७ नं. वडा |
| | | खत्रिपौवा देखि चन्द्रागिरी न.पा. जोड्ने राणाकालिन ऐतिहासिक पदमार्ग ९ नं. वडा |
| ५ | सामाजिक संघ संस्था | अपाङ्ग संघ-१ |
| | | धुनिवेशी डोजो-१ |
| | | २३ वटा कन्सलटेन्सी |
| | | ६ वटा घ वर्गका ठेकेदार कम्पनीहरु |
| | | तामाङ उत्थान समाज-१ |
| | | ज्वालामुखी नेवार गुठी समूह-१ |
| | | धुनिवेशी पञ्चेबाजा-१ |
| | | धुनिवेशी युबा समाज-१ |
| | | धुनिवेशी विद्यार्थि समाज-१ |
| | | विभिन्न खानेपानी समिति संचालनमा रहेका छन्। |

अनुसूची ५

**आ.व. २०७८/०७९ मा धुनीवेशी नगरपालिकामा निर्माण भएका योजनाहरुको हालसम्मको भौतिक प्रगति**

| सि.नं. | कामको विवरण | वडा न १ | वडा न २ | वडा न ३ | वडा न ४ | वडा न ५ | वडा न ६ | वडा न ७ | वडा न ८ | वडा न ९ | जम्मा | इकाइ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नया सडक निर्माण | ३.६० | २.६६ | ४.७२ | १.५० | २.०९ | ०.०० | ३.८२ | १.४८ | ०.०० | १९.८७ | कि.मी. |
| २ | सडक मर्मत सुधार | १.४८ | १.७० | ७.९८ | ७.७४ | ६.२३ | २.७० | ३.४० | ०.०० | १.२० | ३२.४३ | कि.मी. |
| ३ | सडक ग्राभेल | २.८४ | ४.०४ | ५.२० | ५.३५ | ६.४५ | १.७५ | २.२० | १.०० | २.८० | ३१.६२ | कि.मी. |
| ४ | पक्की नाली निर्माण | ०.०० | ०.०० | ०.०० | ३.६५ | ०.२२ | ०.०८ | ०.८७ | ०.५७२ | ०.२७६ | ५.६६ | कि.मी. |
| ५ | कच्ची नाली निर्माण | ०.९६ | ४.०२ | ३.८५ | ३.८४ | ६.२३ | ३.९२ | ०.०० | १.२०० | ०.००० | २४.०२ | कि.मी. |
| ६ | सडक ढलान | ६०.०० | ४६२.०० | ०.०० | ०.०० | २१५.०० | २२४.०० | ०.०० | १२२.००० | ०.००० | १०८३.०० | र मी. |
| ७ | ग्याविन वाल निर्माण | १५.०० | २४.०० | १३.०० | २३.०० | ६६.०० | १३२.०० | २७.०० | ५३.००० | ०.००० | ३५३.०० | र मी. |
| ८ | मेसनरी वाल निर्माण | ५२.०० | १२६.६० | ११०.३४ | ०.०० | १०.०० | १२२.०० | १३.०० | ११०.००० | ०.२७३ | ५४४.२१ | र मी. |
| ९ | हयुम पाइप कल्भर्ट निर्माण | ५.०० | ५.०० | ६१.५० | २०.०० | ४५.०० | १४०.०० | ०.०० | ३२.५०० | ०.००० | ३०९.०० | र मी. |

| सि.नं. | कामको विवरण | वडा न १ | वडा न २ | वडा न ३ | वडा न ४ | वडा न ५ | वडा न ६ | वडा न ७ | वडा न ८ | वडा न ९ | जम्मा | इकाइ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | गोरेटो वाटो मर्मत सुधार | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३२५.०० | १४६.०० | ८७ ओटा सिढी निर्माण | १२३.००० | ५९४.०० | र मी. |
| ११ | सिंचाई कुलो/पोखरी | ०.०० | ०.०० | १.०० | ३९१.०० | २२२.०० | ०.०० | १.०० | १८८.००० | २९८.००० | ११०१.०० | र मी. |
| १२ | चौतारा निर्माण | ०.०० | २.०० | १.०० | १.०० | २.०० | १.०० | ०.०० | २.००० | ०.००० | ९.०० | वटा |
| १३ | समुदायिक/ट्रस भवन निर्माण | १.०० | ३.०० | ६.०० | १.०० | १.०० | ३.०० | ५.०० | ३.००० | १.००० | २४.०० | वटा |
| १४ | क्याम्पस तथा बिध्यालय भवन | ०.०० | ०.०० | १.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १.००० | ०.००० | २.०० | वटा |
| १५ | मन्दिर निर्माण/मर्मत | ६.०० | ७.०० | ९.०० | ०.०० | २.०० | १.०० | ६.०० | ६.००० | ४.००० | ४१.०० | वटा |
| १६ | मरणघाट तथा चिहान निर्माण | ०.०० | ३.०० | ३.०० | ०.०० | १.०० | १.०० | १.०० | १.००० | २.००० | १२.०० | वटा |
| १७ | गुम्बा निर्माण | ०.०० | ०.०० | १.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.००० | ०.००० | १.०० | वटा |
| १८ | खेल मैदान निर्माण | १.०० | २.०० | ०.०० | २.०० | १.०० | १.०० | १.०० | ०.००० | १.००० | ९.०० | वटा |
| १९ | तट बन्धन | ०.०० | ०.०० | १.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.००० | ०.००० | १.०० | वटा |
| २० | सडकमा ढुगा सोलिड | ०.०० | ०.०० | ०.०० | २६८.०० | ०.०० | ०.०० | ०.०० | ०.००० | ०.००० | २६८.०० | मी |
| २१ | अन्य | १.०० | ०.०० | ०.०० | | ४.०० | १२.०० | ८.०० | ०.००० | ०.००० | २५.०० | वटा |

# अनसूची ६

## आ.व.२०७७/०७८ र २०७८/०७९ चैत्र मसान्तसम्ममा धुनीवेशी नगरपालिकामा निर्माण भएका खानेपानी योजनाहरुको भौतिक प्रगति

| सि.नं. | कामको विवरण | आ.व २०७८/०७९ चैत्र मसान्तसम्म | आ.व २०७७/०७८ चैत्र मसान्तसम्म | जम्मा | इकाइ |
|---|---|---|---|---|---|
| १ | टयाकी निर्माण | ९.०० | ३.०० | १२।०० | वटा |
| २ | एक घर एक धारा निर्माण | ४४४.०० | १८४६.०० | २२९०।०० | वटा |
| ३ | ईन्टेक निर्माण | ४.०० | २.०० | ६।०० | वटा |
| ४ | जि आई/एच डी पि पाइप खरिद | ७.९० | ६९.४५ | ७७।३५ | कि.मी. |
| ५ | पाइप लाइन खन्ने/ पुर्ने | ५.७० | ६९.४५ | ७५।१५ | कि.मी. |
| ६ | फिटिङ खरिद | ९.०० | ६.०० | १५।०० | वटा |
| ७ | पम्प हाउस निर्माण | ३.०० | २.०० | ५।०० | वटा |
| ८ | पम्प खरिद | १.०० | २.०० | ३।०० | वटा |

## स्वास्थ्य सेवा प्राप्त गर्ने सेवाग्राहीको संख्या

| क्र.स. | सेवाको विवरण | सेवा प्राप्त गर्नेको संख्या | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ बैशाख मसान्त सम्म | |
| १. | खोप सेवा लिन आउने २ बर्ष मुनिका बालबालिका | ४१३५ | ३६०८ | २७९९ | ३०९६ | २७६६ | |
| २. | खोप सेवा लिन आउने गर्भवती महिला | ८५४ | ६४४ | ७०७ | ६८२ | ५५१ | |
| ३ | बृद्धि अनुगमनको लगि आएको २ बर्ष मुनिका बालबालिका नयाँ र पुरानो | ३५०४ | ३४९३ | ४२०४ | ३८८७ | ३०३२ | |
| ४ | भिटामिन ए ५ बर्ष मुनिका बालबालिका | ४०९६ | ३४६८ | ४२०४ | ३६६४ | ४१०४ | |
| ५ | दादुरा रुबेला खोप पाएका ५ बर्ष मुनिका बालबालिका | ० | ० | २२८० | ० | ० | |
| ६ | महिला स्वास्थ्य स्वयं सेविकाबाट सेवा पाएका सेवाग्राही | १३११५ | १२०४५ | ८८३५ | १०९७७ | ८८९८ | |
| ७ | गाउँघर क्लिनिकबाट सेवा पाएका सेवाग्राही | २२०७ | २२६२ | १४५५ | २०३१ | १८२० | |
| ८ | सेवा लिन आएका नयाँ गर्भवति महिला | ६३८ | ४७८ | ६०४ | ५५४ | ३९४ | |
| ९ | ल्याव परिक्षण | | | | ३१५९ | २३७४ | |
| १० | प्रसूति सेवाका लागि आएका गर्भवति महिला | २०४ | १७९ | १८१ | १६२ | १४२ | |
| ११ | परिवार नियोजन लगातार प्रयोगकर्ता | | १६३१ | २०६६ | १४१८ | २१६९ | |
| १२ | ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम अन्तर्गत अल्ट्रासाउन्ड गरिएका महिला | २८१ | २९६ | ३०८ | ६४४ | ४८४ | |
| १३ | उपचार पूरा गरेका उपचाररत रहेका क्षयरोगी बिरामी | २५ | १६ | ३१ | ४६ | २२ | |
| १४ | आयातित मलेरिया | ० | ० | २ | ० | ० | |
| १५ | PMTCT of HIV | २७० | ३६३ | ३८० | ३९९ | २५५ | |
| १६ | प्रयोगशाला सेवा पाएका सेवाग्राही | ० | १०१४ | २६४२ | ३१५९ | २३७४ | |
| | [illegible] | ० | ० | ० | १०१९ | २९२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | | फलोअप | – | – | – | २८२ | ३४३ | |
| १८ | अपाङ्गता भएका घरदैलो स्वास्थ्य परिक्षण तथा परामर्श कार्यक्रम | नयाँ | – | – | – | २१ | १५ | |
| | | फलोअप | – | – | – | ० | २८ | |
| १९ | एम्बुलेन्स सेवा | | ० | ० | ० | ८७५ | १८१३ | |
| २० | विशेषज्ञ चिकित्सकिय सेवा | जनरल फिजिसियन सेवा | – | – | – | – | २०४ | |
| | | वाल चिकित्सा सेवा | – | – | – | – | ५९ | |
| | | स्त्रिरोग चिकित्सा सेवा | – | – | – | – | ११७ | |
| | कोभिड १९ रोकथाम तथा नियन्त्रण सम्वन्धि | | | | | | | |
| २१ | विवरण | | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७ /०७८ | २०७८/०७९ बैशाख मसान्त सम्म | कैफियत |
| २२ | क्वारेन्टिन व्यवस्थापन र वेड संख्या | | ० | ० | ६२ | ० | ० | |
| २३ | क्वारेन्टिनमा बसेका व्यक्तिहरुको संख्या | | ० | ० | ५० | ० | ० | |
| २४ | आर.डि.टी. गरिएको संख्या | | ० | ० | १६४ | ० | ० | |
| २५ | पि.सि.आर गरिएको संख्या | | ० | ० | ९ | २१९ | ० | |
| २६ | एन्टिजेन गरिएको संख्या | | ० | ० | ० | ५७४ | १३१२ | |
| २७ | एन्टिजेन पोजेटिभ संख्या | | ० | ० | ० | १३८ | ३३६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८ | कोभिड १९ विरुद्धको खोप | पहिलो मात्रा | ० | ० | ० | ० | २०५०३ | |
| | | दोस्रो मात्रा | ० | ० | ० | ० | २११८४ | |
| | | बुस्टर मात्रा | ० | ० | ० | ० | ७०२१ | |